# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, साउन २९ गते २०४० साल ( अतिरिक्ताङ्क १८

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

**राजगुरूज्यू तथा मूल पुरोहित सम्बन्धी (नवौं संशोधन) नियमावली, २०४०**

राजगुरूज्यू तथा मूल पुरोहित सम्बन्धी नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार देहायबमोजिमको नियमावली बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "राजगुरूज्यू तथा मूल पुरोहित सम्बन्धी (नवौं संशोधन) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली २०४० साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ६ ग. पछि देहायको नियम ६ घ. थपिएको छः–

"६ घ. भत्ताः बडागुरूज्यू, नायव बडागुरूज्यू र मूल पुरोहितको ओहदामा रही २० बीस वर्षको सेवाअवधि पूरा गरी निजहरू देहान्त भएमा र निजहरूको श्रीमती जीवित भएमा श्रीमतीले मासिक रू. ६००।– छ सय भत्ता पाउनेछ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

284